# माण्डवी गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड:७ संख्या:४ मिति: २०८०/०८/२१**


## भाग २

## माण्डवी गाउँपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ र माण्डवी गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ बमोजिम माण्डवी गाउँपालिकाले बनाएको तल लेखिए बमोजिमका कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

## सम्वत् २०८० सालको कार्यविधि नं. २

### उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८०

**प्रस्तावना :** माण्डवी गाउँपालिका पशुपालनको क्षेत्रमा प्रस्सत सम्भावना बोकेको गाउँपालिका हो ।यहाका अधिकाम्स मानिसहरुको मुख्य पेशा पशुपालनमा गरेको पाईएको छ ।यसरी यसपालिकाका कृषकहरु लाई ब्यवसायीक र प्रतिस्पर्धि बनाई उत्पादनमा बृद्धि गराई कृषकहरुलाई आफुले उत्पादन गरेको पशु जन्यउत्पादन दुध तथा मासुमा निर्भाहामुखी नभई ब्यवसायीरुपमा संचालन गरि उत्पादकत्व बृद्धि गरी आय आर्जन बढाउने अभिप्रायले कार्यक्रम स्वीकृत भए बमोजिम उत्पादनमा आधारित अनुदान

कार्यक्रमका संचालन गर्न माण्डवी गाउँपालिकाले उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८० तर्जुमा गरी लागु गरीएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "उत्पादनमा आधारित अनुदान कार्यक्रम संचालन कार्यविधि, २०८०" रहेको छ।

२. यो कार्यविधि स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

२. परिभाषा (१) बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"उत्पादनमा आधारित अनुदान कार्यक्रम" भन्नाले पशुपालक कृषकहरुले उत्पादन गरेका पशु जन्यउत्पादन मासु र दुधमा आत्मनिर्भर गरी आयआर्जनमा सुधार सम्झनुपर्छ ।

(ख)"उत्पादनमा आधारित अनुदान कार्यक्रम" माण्डवी गाउँपालिका अन्तर्गत ५ वटै वडालाई सम्झनुपर्छ ।

(ग)माण्डवी गाउँपालिकाका सम्पूर्ण पशुपालक बाख्रापालक कृषक,समुह,सहकारीहरुले पशुपालन गरी दुध र मासुमा आत्मनिर्भर भई आयआर्जनमा सुधार ल्याउन योगदान पुर्याउने सम्झनुपर्छ।

(घ) "कृषक समुह" भन्नाले कार्यक्रमबाट सेवा प्राप्त गर्ने माण्डवी गाउँपालिकाका पशुपालक कृषक समुहलाई सम्झनुपर्छ ।

(ङ)"कार्यक्रम" भन्नाले यस कार्यविधि अनुरुप संचालन गरिने उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई सम्झनु पर्दछ।

३. उदेश्य (१) यस कार्यविधिका देहाय वमोजिम उदेश्यहरु रहनेछन् ।

(क) कृषकहरुमा ब्यवसायी पशुपालन सम्बन्धी प्रविधिहरुको अवलम्बन गराउने ।

(ख) दुध र मासुको उत्पादकत्व वृद्धि गरी कृषकहरुको आय आर्जनमा वृद्धि गर्ने ।

(ग) कृषकहरुले उत्पादन गरेको पशुजन्य बस्तुमा प्रतिशपर्धी बनाई उत्पादन र बजारीकरण मा टेवा पुर्याउने ।

४. अनुदान उपलब्ध गराउन सक्ने पशुजन्य बस्तुहरु गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही पशुजन्य उत्पादन अन्तर्गत मासु दुध र दुधजन्य बस्तुमा अनुदान उपलब्ध गराउन सक्नेछ आर्जनमा ।

५.अनुदान उपलब्ध गराउने विधि :

क)कृषकहरु ले अनुदान प्राप्त गर्न का लागी तोकिएको टोल बिकास संस्था वा सहकारी वा समूह वा संकलन केन्द्र मार्फत बिक्रि बितरण गरेको हुनु पर्नेछ।

ख) टोल बिकास संस्था वा सहकारी वा समूह वा संकलन केन्द्र ले पशु जन्य बस्तु खरिद गरेको र बिक्रि गरेको अभिलेख स्पस्ट संग राखेको हुनु पर्नेछ।

ग)सहकारी वा समूह वा संकलन केन्द्र ले राखेको अभिलेख को आधार मा बिक्रि परिणाम र रकम भुक्तानी को लागि सहकारी वा समूह वा संकलन केन्द्र ले वडा कार्यालय को सिफारिस सहित गाउपलिका को आर्थिक बिकास शाखा मा पठाउनु पर्नेछ।

घ)सहकारी वा समूह वा संकलन केन्द्र ले वडा कार्यालय को सिफारिस को बिकास शाखाले आबश्यक अनुगमन गरि गाउपालिका बाट पशु जन्य बस्तु को उत्पादन का आधारित अनुदान उपलब्ध गराउनु पर्नेछ।

ङ)गाउ पालिका ले समय समयमा सहकारी/ समूह संकलन केन्द्र तथा कृषकको अनुगमन र निरीक्षण गर्नेछ र झुट्टा विवरण राख्ने र पेश गर्ने सहकारी/समूह/संकलन केन्द्रको दर्ता खारेजी गरि यस्ता सहकारी/समूह/संकलन केन्द्रको अभिलेखको आधारमा अनुदान वितरण गरिने छैन।

च)अनुदान उपलब्ध गराउँदा सहकारी/समूह/संकलन केन्द्र तथा कृषकले पेश गरेको अभिलेखको आधारमा गाउपालिकाले कृषकको खातामा अनुदान रकम भुक्तानी गर्नेछ।

छ)यो कार्यविधि स्वीकृत भए पश्चात सहकारी/समूह/संकलन केन्द्रमार्फत विक्री वितरण गरी अभिलेखिकरण गरिएका कृषकहरुलाई मात्र अनुदान रकम उपलब्ध गराईनेछ।

ज)कृषि तथा पशुजन्य वस्तु विक्री वितरणमा संलग्न हुन चाहने सहकारी/समूह/संकलन केन्द्रले आफ्नो प्रमाणपत्र र बडाको सिफारिससहित गाउपालिकाको आर्थिक विकास शाखामा निवेदन पेश गरेपश्चात गाउपालिकाबाट अनुमति दिनेछ। यसरी अनुमति प्राप्त गरि सकेपश्चात सहकारी/समूह/संकलन केन्द्रले विक्री वितरणको अभिलेख राख्न शुरु गर्नुपर्नेछ।

झ)यस कार्यक्रमको लागि आवेदन पेश गर्न इच्छुक कृषकहरुले अनुसूची ४ अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

**६ ) उपलब्ध गराउने अनुदान रकमः**

६.१ कृषकहरुलाई बिक्रीको आधारमा टोल बिकास संस्था /सहकारी/समूह/ संकलन केन्द्रहरुको अभिलेख सहित सिफारिसको आधारमा देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(क) दैनिक ५ लिटर दुध बिक्री गरेमा प्रति लिटर रु . ५

ख ) मासिक १५० लिटर भन्दा बढी दुध बिक्री गरेमा प्रति लिटर रु . १०

६.२ कृषकले उत्पादन गरेको आधारमा कृषकले पेश गरेको निवेदन तथा वडा कार्यालयको सिफारिसको आधारमा आर्थिक विकास शाखाबाट अनुगमन गरी देहाय बमोजिमको रकम उपलब्ध गराईनेछ ।

(क) पशुजन्य वस्तु( खसी/बोका/पाठापाठी ):

मासिक ६० के .जी . बिक्री गरेमा प्रति के. जी. रु २०

वार्षिक ५०० के.जी. भन्दा बढी बिक्री गरेमा प्रति के.जी. रु. ३०

६.३ ब्यापारिक प्रयोजन मा पशु जन्य बस्तु हरु बिक्री वितरण गरेको भएको अवस्था मा अनुदान पाइने छैन । कृषक स्वयम् ले उत्पादन गरि बिक्री वितरण गरेको हुनु पर्नेछ ।

**७). दुध तथा मासु जन्य वस्तुको खरिद तथा बिक्री मूल्यः**

(क)सहकारी/समूह/ संकलन केन्द्रले आफ्ना उत्पादक कृषक सदस्यहरु, बडा कार्यालयका जनप्रतिनिधी तथा सम्बन्धीत विषयका प्राविधिकको सहभागितामा कृषि तथा पशुजन्य वस्तुको खरिद तथा बिक्री मूल्य निर्धारण गर्न सक्नेछन्।

(ख)दुध तथा मासु जन्य बस्तुको मूल्य निर्धारण गर्दा उत्पादित वस्तुको प्रकृति हेरी मासिक,चौमासिक तथा वार्षिक रुपमा मूल्य निर्धारण गर्न सक्नेछन् ।

(ग)उक्त निर्धारण गरेको मूल्य सूची सहकारी/समूह/संकलन केन्द्रले सबैले देखे गरी सूचना पाटिमा टाँस गर्नुपर्ने।

(घ)खरिद तथा विक्री मूल्य निर्धारण गर्दा यथासक्य खरिद र विक्री मूल्य विचको अन्तर कम हुनु पर्नेछ । तर मूल्य निर्धारण गर्दा भण्डार अवधीमा हुन सक्ने नोक्सानीलाई समेत ध्यान दिनुपर्नेछ ।

(ङ)खरिद र बिक्री मूल्य बिचको अन्तरबाट हुने आम्दानी सम्बन्धीत सहकारी÷ समूह÷ संकलनकेन्द्रको हुनेछ।

(च)गाउपालिकाको कार्यालय तथा वडा कार्यालयले कुनै कार्यक्रम गर्दा गाउपालिका भित्रका समूह संकलन केन्द्र मार्फत कृषि तथा पशुजन्य वस्तु खरिद गर्ने कार्यलाई प्राथमिकता दिनु पर्नेछ।

**८) अनुदान रकम निकासा**

उत्पादनमा आधारित अनुदान उपलब्ध गराउँदा गाउपालिकाबाट चौमासिक वा अर्धवार्षिक वा वार्षिक रुपमा उपलब्ध गराउन सक्नेछ।

**९) अन्य क्षेत्रमा अनुदानः**

उत्पादनमा आधारित अनुदान बाहेक गाउसभाबाट स्वीकृत कार्यक्रम बमोजिमको दुध तथा मासु क्षेत्रको अनुदान प्रदान गर्न यो कार्यविधिले बाधा पुर्याएको मानिने छैन

**१०) बजार मूल्यको कारण हुने क्षेतीको परिपुर्ति :**

विश्वव्यापी बजारीकरणको कारण स्थानीय कृषकको उत्पादन मूल्य भन्दा अत्याधिक कम मूल्यमा कृषि तथा पशुजन्य वस्तु बजारमा आई कृषकलाई घाटा पुर्ति गर्ने सन्दर्भमा थप मापदण्ड बनाई कार्यपालिकाको निर्णय बमोजिम कार्य अगाडि बढाइनेछ।

**११) बाधा अड्काउ फुकाउने :**

यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

**१२) परिमार्जन तथा संसोधन :**

कार्यविधिलाई आवश्यकता अनुसार गाउ कार्यपालिकाले परिमार्जन तथा संसोधन गर्न सक्नेछ।

## अनुसूची १.
## सूचना प्रकाशनको ढाँचा
## माण्डवी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## जस्पुर प्यूठान
## (प्रथम पटक प्रकाशन गरिएको मिति २०८०/ )

माण्डवी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, जस्पुर प्यूठान को आर्थिक वर्ष २०८०/०८१ को स्वीकृत उत्पादनमा आधारित कृषकलाई अनुदान सहयोग कार्यक्रम अनुसार ईच्छुक कृषकहरुले यो सूचना प्रकाशन भएको मितिले १५ दिने भित्र यस कार्यालयमा निम्नअनुसारका कागजात विवरण सहित अनुदानका लागि प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको व्यहोरा अनुरोध छ । आवश्यक संक्षिप्त कार्ययोजना तथा अन्य आवश्यक अनुसूचीहरु सम्बन्धीत पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ ।

आवश्यक कागजातहरु :

१. अनुसूची २ बमोजिमको आवेदन पत्र

२. सहकारी/समूह/संकलन केन्द्र/ टोल बिकास संस्था को अभिलेखको प्रतिलिपी सहित सिफारिस पत्र

३. वडा कार्यालयको सिफारिस पत्र

४. नागरिकताको प्रतिलिपी

५. अनुसूची ५ बमोजिमको विवरण भरेको विवरण फाराम

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची– २

**पशुजन्य उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा उत्पादक कृषकले कार्यालयमा पेश गर्ने आवेदन पत्रको ढाँचा**

मितिः २०८० /

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
माण्डवी गाउँपालिका,
जस्पुर प्यूठान ।

विषय : उत्पादनको आधारमा अनुदान सहगोग कार्यक्रममा सहभागी हुन पाउँ ।
महोदय,
प्रस्तुत विषयमा तहाँ कार्यालयको मिति.................. गते प्रकाशन गरिएको सूचना अनुसार म...................पेशामा आबद्ध भई ................... मार्फत खरिद तथा बिक्रि कार्यमा संलग्न भएकोले मलाई उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रमको लागि समावेश हुन ईच्छुक रहेकोले तपसिल अनुसारको कागजात सहित आवेदन पेश गरेको छु ।

तपसिलः

१. अनुसूची २ बमोजिमको आवेदन पत्र

२. सहकारी /समूह/संकलन केन्द्र/ टोल बिकास संस्था को अभिलेखको प्रतिलिपी सहित सिफारिस पत्र

३. वडा कार्यालयको सिफारिस पत्र

४. नागरिकताको प्रतिलिपी

५. अनुसूची ५ बमोजिमको विवरण भरेको विवरण फाराम

निवेदक :
नामथर :
मोवाइल नं :

## अनुसूची – ३

**कार्यक्रम सञ्चालनका लागि छनौट गर्दा अपनाईने मूल्याँकनका आधारहरु :**

(क) दुध उत्पादनको आधारमा प्रदान गरिने अनुदान :

| आवेदक कृषकको नाम | घरमा पालेको धुहुना भैसी/उनन्त गाई संख्या (२५) | दैनिक दुध उत्पादन परिमाण लि (२५) | दैनिक दुध बिक्रि परिमाण लि (२५) | दुध बाहेक अन्य दुग्धजन्य पदार्थ बिक्रि परिमाण (लि/केजी)(२५) | कूल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

(ख) खसी/बोका/पाठापाठी उत्पादनको आधारमा प्रदान गरिने अनुदान :

| आवेदक कृषकको नाम | माउ बाख्राको संख्या (२५) | प्रजनन बोकाको संख्या (२५) | जम्मा खसी संख्या (२५) | जम्मा पाठापाठी संख्या (२५) | कूल प्राप्ताङ्क (१००) | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |

## अनुसूची – ४

## उत्पादनमा आधारित अनुदान कार्यक्रममा सहभागीताको लागि देहाय अनुसारको मापदण्ड पुरा गरेको हुनुपर्नेछ ।

१. दुध उत्पादन दैनिक ५ लिटर

२. दुध उत्पादन मासिक १५० लिटर

३. खसी/बोका/ पाठा/पाठी उत्पादन चौमासिक ५ गोटा

## अनुसूची – ५

## उत्पादक कृषकलाई उत्पादनको आधारमा अनुदान उपलब्ध गराउने कार्यक्रममा सहभागी हुने कृषकको विवरण

१. कृषकको नाम :

२. ठेगाना :

३. दुहुना गाई /दुहुना भैसी/माउ बाख्रा :

४. गत वर्षको उत्पादन परिमाण

| दुध उत्पादन लि. | बिक्रि परिमाण लि. | खसी/बोका उत्पादन संख्या | पाठापाठी उत्पादन संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

५. यस वर्षको हालसम्मको उत्पादन परिमाण

| दुध उत्पादन लि. | बिक्रि परिमाण लि. | खसी/बोकाउत्पादन संख्या | पाठापाठी उत्पादन संख्या |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

७. गत वर्षको अधिकतम उत्पादन महिना र परिमाण :

८. गत वर्षको न्यूनतम उत्पादन महिना र परिमाण :

९. बिक्री/उत्पादन अभिलेखको अवस्था भएको /नभएको :

१०. बजारसँग खरिद बिक्री सम्झौताको अवस्था भएको/नभएको :

**प्रमाणीकरण मिति: २०८०/०८/२१**

**आज्ञाले,**
**प्रकाश पाण्डे**
**प्रमुख प्रप्रशासकीय अधिकृत**